एजेन्डाहरू:-

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८, मकवानपुर पारित गर्ने
- विविध

निर्णय

१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७८ को मस्यौदा बैठकमा पेश भई छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो । सो योजना तयारीका लागि विपद् व्यवस्थापन समितिका पदाधिकारी, विषयगतरुपमा सहयोग गर्ने सम्पूर्ण स्थानीय पालिकाहरु, सुरक्षा निकाय, राजनीतिक दल, संघ/संस्था, मकवानपुर पत्रकार महासंघ, मकवानपुर उद्योग वाणिज्य संघ लगायत सबैलाई धन्यवाद ज्ञापन गरियो । साथै आ.व.०७८९/०७९ मा यस योजनाको कार्यान्वयन प्रभावकारी रुपमा गर्न/गराउन सबै सदस्यहरु लगायत सम्पूर्ण सरोकारवालाई अनुरोध समेत गरियो ।

२. यस जिल्लामा सक्रिय रहिरहेको मनसुनबाट बाढी/पहिरो, डुबान तथा अन्य क्षति हुन सक्ने संभावना तीव्र रुपमा रहिरहेकाले विपद् व्यवस्थापन सम्बद्ध सुरक्षा निकाय लगायत सम्पूर्ण पक्षहरु आवश्यक तयारीका साथ सजक रहिरहन र घटना घट्ने वित्तिकै तुरुन्त उद्धार **(Response)** गर्न सबै पक्षलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. हाल एकातिर कोभिड-१९ को संक्रमण बढिरहेको र अर्कोतिर विपद्जन्य घटनाहरु घट्न सक्ने संभावनालाई मध्यनजर गर्दै स्थानीय तहहरुले आ-आफ्नो पालिकामा जनचेतनाका विषयहरु प्राथमिकताका साथ प्रचार-प्रसार गर्न साथै संचारकर्मीहरुलाई समेत सो सूचनाहरु प्राथमिकताका साथ प्रसारण गर्न/गराउन अनुरोध गरियो ।